नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या :-
च.नं. :-

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको Action Room मा राष्ट्रिय गौरवका आयोजनाहरुमा केन्द्रित गरी आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रमको असोजसम्मको मन्त्रालयगत प्रगति समीक्षा विवरण प्रस्तुतीकरण हुनुका साथै राष्ट्रिय गौरवका ८ वटा आयोजनाहरुको विद्युतीय माध्यमबाट कार्यान्वयन प्रगति बारेमा अनुगमन भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष मन्त्रालयहरुको असोज महिनासम्मको प्रगति र राष्ट्रिय गौरवका आयोजनाहरुमा विद्यमान समस्याहरुको बारेमा संक्षिप्तमा प्रस्तुती भएको थियो । सो पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले Action Room बाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, भेरी बबई डाइभर्सन बहुउद्धेश्यीय आयोजना, रानीजमरा कुलरिया सिंचाइ आयोजना, सिक्टा सिंचाइ आयोजना, हुलाकी लोकमार्ग आयोजना र पुष्पलाल (मध्य पहाडी) आयोजनाका आयोजना प्रमुखहरुसँग आयोजनाको प्रगति र समस्याहरुको बारेमा Video Conference मार्फत् प्रत्यक्ष रुपमा आयोजनाहरुको कार्यसम्पादनको अवस्था बारेमा जानकारी लिनुभयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सरकारले अगाडि बढाएका राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति पनि गौरवपूर्ण हुनुपर्ने स्मरण गराउँदै सोको लागि सम्बन्धित निकायहरु बिचको आपसी समन्वय प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। उहाँले आयोजना तहबाट समाधान हुन नसकी माथिल्लो तहमा सिफारिस गरिएका समस्याहरु छिटो समाधान गरिदिनुपर्ने, माथिल्लो तहबाट निरीक्षण हुने र समस्या सुनाईरहने तर समाधान नहुने प्रवृत्ति अन्त्य हुनुपर्ने बताउनुहुँदै आयोजनाहरुको अनुगमनलाई थप परिणाममुखी बनाउन समेत निर्देशन दिनुभयो ।

सो कार्यक्रममा माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री वर्षमान पुनज्यू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराईज्यू र माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार एवं सल्लाहकारज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू एवम् सम्बन्धित सचिवज्यूहरुको समेत उपस्थिति रहेको थियो ।

०६ कात्तिक,२०७६

यमलाल भूसाल
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np